कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ५४ | वि.सं. २०८३ जेठ २३ शनिवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण षष्ठी | Saturday 6 June 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णालीमा घट्दोक्रममा एचआईभी संक्रमण दर

**कर्णाली प्रदेशमा पछिल्ला वर्षहरुमा एचआईभी संक्रमण दर घट्दै गएको पाइएको छ। परीक्षण र उपचार सेवाको दायरा विस्तार भएसँगै नयाँ संक्रमण दर क्रमश घट्दै गएको तथ्यांकले देखाउँछ। स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतले सार्वजनिक गरेको तथ्यांकअनुसार पाँच आर्थिक वर्षको अवधिमा एचआईभी संक्रमण दर ०.०९ प्रतिशतमा झरेको छ।**



**ओम शाही**
**सुर्खेत, २२ जेठ ।**

कर्णाली प्रदेशमा पछिल्ला वर्षहरुमा एचआईभी संक्रमण दर घट्दै गएको पाइएको छ। परीक्षण र उपचार सेवाको दायरा विस्तार भएसँगै नयाँ संक्रमण दर क्रमश घट्दै गएको तथ्यांकले देखाउँछ। स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतले सार्वजनिक गरेको तथ्यांकअनुसार पाँच आर्थिक वर्षको अवधिमा एचआईभी संक्रमण दर ०.०९ प्रतिशतमा झरेको छ।

निर्देशनालयका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को वैशाखसम्म ३५ हजार आठ सय २४ जनामा एचआईभी परीक्षण गरिएकोमा ३१ जनामा संक्रमण पुष्टि भएको छ। यो विगत चार आर्थिक वर्षको तुलनामा संक्रमण दर ०.० ९ प्रतिशतमा झरेको छ, जुन पछिल्ला वर्षहरूमध्ये सबैभन्दा न्यून हो।

यो दर आर्थिक वर्ष २०७८/०७९ मा ०.५८ थियो। यो वर्ष १२ हजार ९० जनाको परीक्षण गर्दा ७० जनामा एचआईभी संक्रमण पुष्टि भएको स्वास्थ्य सेवा निर्देशनालयका एचआईभी फोकल पर्सन पदम केसीले जानकारी दिए। त्यसयता संक्रमण दर निरन्तर घट्दो क्रममा रहेको उनले बताए।

आप्रवासी कामदार र तिनका परिवार तथा लागुऔषध दुर्व्यसनीमा रहेका व्यक्तिहरु एचआईभी संक्रमणको जोखिममा रहेको उनी बताउँछन्। निर्देशनालयले उपलब्ध गराएको तथ्यांक अनुसार आर्थिक वर्ष २०७८/०७९ मा १२ हजार ९० जनामा परिक्षण गर्दा ७० जनामा एसआईभी पुष्टि भएको थियो।

> उपचारमा रहेका संक्रमितमध्ये पाँच सय ३७ जनाको भाइरल लोड परीक्षण गरिएको थियो। तीमध्ये पाँच सय सात जनाको भाइरल लोड नियन्त्रणमा रहेको पाइएको छ।

त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा १७ हजार दुई सय ४९ मा एचआईभी परिक्षण गरिएको थियो। यस वर्ष ५६ जनामा एचआईभी पुष्टि भएको निर्देशनालयका एचआईभी फोकल पर्सन केसीले जानकारी दिए। उनका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा नौ हजार दुई सय ७९ जनामा परिक्षण गर्दा ३९ जनामा एचआईभी संक्रमण पुष्टि भएको थियो।

त्यस्तै, आमाबाट शिशुमा एचआईभी संक्रमण सर्ने दर पनि स्थिर देखिन्छ। पाँच वर्षको अवधिमा एक लाख ८६ हजार आठ सय ८८ आमा तथा शिशुमा एचआईभी परिक्षण गर्दा आठ जनामा पुष्टि भएको छ। जसमा आर्थिक वर्ष २०७८/०७९ मा ३३ हजार ४० जनामा परिक्षण गर्दा एक जना बच्चामा आमाबाट एचआईभी सरेको पुष्टि भएको थियो।

त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा ३५ हजार नौ सय ६६ मा तीन, आर्थिक वर्ष २०८०/०८१ मा ४० हजार सात सय ६७ मा एक, आर्थिक वर्ष २०८१/०८२ मा ४३ हजार तीन सय ७५ मा एक र चालु आर्थिक वर्षको २०८२/०८३ को बैशाखसम्म ३३ हजार सात सय ४० जना आमा तथा शिशुमा गरिएको परीक्षणमा दुई जना बच्चामा एचआईभी पुष्टि भएको जनाइएको छ।

तथ्यांक अनुसार नेपालमा सन् २०२४ को अन्त्यसम्म ३४ हजार तीन सय ३७ जना एचआईभी संक्रमित रहेको अनुमान गरिएको छ। तीमध्ये ६ सय १४ जना नयाँ थपिएका संक्रमित हुन्। एड्ससम्बन्धी कारणले पाँच सय ६९ जनाको मृत्यु भएको अनुमान छ। कर्णाली प्रदेशमा हाल नौ वटा केन्द्रमार्फत एआरटी (एन्टिरिट्रोभाइरल थेरापी) सेवा सञ्चालनमा छ।

चालु आर्थिक वर्षको चैतसम्म सात सय ७० जना संक्रमित नियमित उपचारमा रहेको निर्देशनालयले जनाएको छ। अघिल्लो वर्ष यो संख्या सात सय ३१ थियो। प्रदेश अस्पताल सुर्खेतमा मात्रै दुई सय ९० जना उपचाररत रहेको जनाइएको छ।

एड्स हेल्थ केयर फाउण्डेशन (एएचएफ) कार्यक्रम संयोजक संजय कुमार पौडेलले उपचार सेवाको पहुँच विस्तार भए पनि लक्ष्यअनुसारको उपलब्धि हासिल गर्न अझै चुनौती रहेको बताए। आर्थिक वर्ष २०८१/०८२ मा अनुमानित नौ सय २३ संक्रमितमध्ये सात सय ३१ जना उपचारमा थिए, जुन ७९ प्रतिशत हो।

उपचारमा रहेका संक्रमितमध्ये पाँच सय ३७ जनाको भाइरल लोड परीक्षण गरिएको थियो। तीमध्ये पाँच सय सात जनाको भाइरल लोड नियन्त्रणमा रहेको पाइएको छ। त्यस्तै, सिफिलिस परीक्षणतर्फ २० हजार एक सय ५४ जनाको परीक्षण गर्दा ४७ जनामा संक्रमण पुष्टि भएको जनाइएको छ। संक्रमित सबैले उपचार पाएका छन्।

त्यस्तै, हेपाटाइटिस 'बी' परीक्षण गरिएका नौ हजार नौ सय जनामध्ये २१ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य सेवा निर्देशनालयले जनाएको छ। जसमा १६ जनाले उपचार सेवा प्राप्त गरेका छन्। कर्णालीमा हाल नौ सय ३९ स्वास्थ्य संस्था सञ्चालनमा छन्। तथ्यांक अनुसार प्रदेशभर नौ वटा एआरटी केन्द्र, नौ वटा एचआईभी परीक्षण तथा परामर्श केन्द्र (एचटीसी) र प्रदेश जनस्वास्थ्य प्रयोगशालामार्फत भाइरल लोड परीक्षण सेवा उपलब्ध छ। तर, सीडी-४ परीक्षण सेवा भने अझै सञ्चालनमा आउन सकेको छैन।

निर्देशनालयले जुम्लामा थप एआरटी केन्द्र स्थापना, प्रदेश जनस्वास्थ्य

बाँकी ३ पेजमा

## यु-१९ महिला राष्ट्रिय क्रिकेटमा लुम्बिनी र सुदूरपश्चिमको विजयी यात्रा सुरु



**युग संवाददाता**
**सुर्खेत, २२ जेठ ।**

वीरेन्द्रनगमार जारी १९ वर्षमुनीको टी २० महिला राष्ट्रिय क्रिकेटमा लुम्बिनी र सुदूरपश्चिमले विजयी सुरुवात गरेका छन्। शुक्रबारदेखि सुर्खेतको वीरेन्द्रनगर स्थित कालुङ्चौक मैदानमा सुरु भएको प्रतियोगितामा पहिलो खेलमा पाहुना टोली लुम्बिनीले घरेलु टोली कर्णालीलाई ५४ रनले हराउँदै सुखद सुरुवात गरेको छ।

त्यस्तै, वीरेन्द्रनगर मैदानमा भएको अर्को खेलमा सुदूरपश्चिमले कोशीमाथि ८९ रनको जीतसहित प्रतियोगितामा विजयी यात्रा सुरुवात गरेको हो। टस जितेर ब्याटिंगका लागि निम्ता पाएको लुम्बिनीले कर्णालीविरुद्ध पूरै २० ओभर खेल्दा जम्मा चार विकेट गुमाएर एक सय ४४ रन बनायो। लुम्बिनीका लागि सोविका शाहीले सर्वाधिक १९ रन बनाउँदा रिसाना विश्वकर्माले १७ र उमा चौधरीले १६ रनको योगदान दिए।

कर्णालीका लागि सुप्रिया बुढाले ३ विकेट हातपार्दा आशना चौधरी र आयुषा बरालले समान दुई विकेट लिए। उता, सावित्री धामीको आक्रामक ४१ र रश्मी सुनारको ३५ रनको योगदानमा सुदूरपश्चिमले पहिलो जीत दर्ता गरायो।

सुदूरलाई बलियो शुरुवात

बाँकी ३ पेजमा

## विद्यार्थी तथा युवामैत्री नीति बनाउन नेविसंघको माग

**युग संवाददाता**
**सुर्खेत, २२ जेठ ।**

नेपाल विद्यार्थी संघ कर्णाली प्रदेश कार्यसमितिले विद्यार्थी तथा युवामैत्री नीति, कार्यक्रम तथा बजेट निर्माण गर्न कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ। संघले शिक्षा, रोजगारी, सूचना प्रविधि, विपद् व्यवस्थापन तथा विद्यार्थी सुरक्षासम्बन्धी विषयलाई प्राथमिकतामा राख्न आग्रह गर्दै सामाजिक विकास मन्त्रालय लाई ध्यानाकर्षण पत्र बुझाएको हो।

पत्रमा सार्वजनिक शिक्षामा लगानी वृद्धि गर्दै प्रदेशको कुल बजेटको न्यूनतम २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्न माग गरिएको छ। नेविसंघ कर्णालीका अध्यक्ष रोशन बस्नेत ले स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीका लागि सरकारी तथा सार्वजनिक निकायमा पारिश्रमिकसहितको प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन्।

त्यस्तै, सूचना प्रविधि, नवप्रवर्तन, स्टार्टअप, कृत्रिम बुद्धिमत्ता तथा रोबोटिक्स क्लबजस्ता क्षेत्रमा बजेट सुनिश्चित गर्नुपर्ने, विद्यालयस्तरको दिवा खाजा कार्यक्रमको विस्तार तथा गुणस्तर सुधार गर्नुपर्ने र विपद् जोखिम न्यूनीकरणका कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा संघले जोड दिएको छ। नेविसंघले विद्यार्थी तथा युवासँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई आगामी नीति, कार्यक्रम तथा बजेटमा समेटी प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकारसँग आग्रह गरेको छ।




विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस्।
Job Karnali — Jobkarnali.com
Tender Karnali — Tenderkarnali.com
ebazar — ebazar.com
yugnews.com

कथा :

# मदर वि निड् टु टक



✍ गणेश खड्का

ठन्डी बिहानी ! पूर्वी पहाडबाट बिहानीले ल्याएको चिसोलाई घाम आफ्नो न्यानोले पगाल्ने कसरत गर्दै छ । घामको किरण हर घरमा भिन्नै ठाउँबाट छिर्छन् होला । कम या ज्यादा मात्रामा पस्न पाउँछन् होला वा कुनै घरमा त पस्नै पनि पो पाउँदैनन् होला । यो घर घामको मन पर्ने ठाउँ हो ।

यो घर देवीको हो । यति बेला पूर्वी झ्यालबाट घामका छड्के किरणहरू ग्याँसमाथि उम्लिरहेको चियाको भाँडोमा छरपष्ट फैलिएका छन् । ती किरणहरू चिर्दै चियाबाट सिलिङ् ताक्दै बाफहरू उडिरहेका छन् । केही बाफहरू देवीको शरीरमा मिश्रित भइरहेका होलान् । देवी भान्सामा उड्ने बाफहरूको एउटा भण्डार त होलिन् । भातको बाफ, दालको बाफ, अनेक सागसब्जीको बाफ । बाफै बाफको भौतिक अस्तित्व त होलिन् देवी । देवीलाई लाग्दो हो चिया बनाउनु स्वास फेर्नु हो । चिया बनाउनु कपाल कोर्नु हो । चिया बनाउनु देवीलाई देवी बनाउने रङ्ग हो, देवीको अस्तित्वमा मिठास थपिदिने चियापत्ती हो । देवी उम्लिसकेको चिया एउटा कपमा हाल्छिन् र बाँकी थर्मसमा खन्याउँछिन् ।

"बाबु चिया खाइसकेर तल गाग्रीको पानी माथि लेर आइज है । म मन्दिर गएर आउँछु ।"

अमृतको झ्यालको फ्रेमले पर देवी हातमा थाली बोकेर मन्दिर जाँदै गरेको हेरिरहेको छ । अमृत पनि झ्यालमा अडेस लागेर देवीलाई हेरिरहेको छ । उसको स्मृतिमा धमिलिँदै गएको देवीको आकृति हो शायद । अमृतको ७ वर्षको वैदेशिक बसाइँले ल्याएको दूरी बिल्कुल यस्तै देखिन्छ होला । खालीपनमा उनीहरूको सम्बन्ध ठम्याउनै नसकिने मसिनो थोप्लो हुँदै विलीन भइरहेको छ । अमृत देवीको आकृति देखिन छोडेपछि माथि भान्सातिर उक्लिन्छ । सुस्तसुस्त चियाको कपबाट उडिरहेका बाफहरू अमृतले उठाएर मुखतिर लग्दै गर्दा बिथोलिन पुग्छन् । अमृत चिया बोकेर हाफ टपमा निस्किन्छ । पुष महिनाको चिसोले गमलाका फूलका बोटहरू सुकेर गुन्द्रुक जस्ता भएका छन् । कुर्ची गमलातिर फर्काएर अमृत ती गमलाका सुकेका बोटहरूलाई हेर्न थाल्छ । केही बेर हेरिरहन्छ र हेर्दाहेर्दै देख्छ देवी एउटा गमलाको डिलमा खुट्टा झुन्ड्याएर बसेकी छिन् । अमृत सँगैको अर्को गमलाको डिलमा देवीतिर फर्किएर बसेको छ । गमलाहरू बिस्तारै टाढिँदै जान थाल्छन् मानौं ती गमला बीच निर्माण भइरहेको भेद उनीहरूको सम्बन्धमा आएको दूरीको मुहान हो ।

"अमृत मेरो आवाज सुन्न सक्छस् ?"

"हावा जोडले चलिराछ मम्मी, के भनेको बुझिनँ ?"

"चिया सकिस् कि बाँकी छ ?"

अमृत सुन्छ, "तँसँग धेरै गफ गर्न मन छ पारि आइज न ।"

"मम्मी चियामा चिनी अलि बढी भएछ ।"

देवी सुन्छिन्, "मम्मी तपाईंको काखमा सुतेर घाम नतापेको धेरै भयो । वारि आउनु न, म म्याट ओच्छ्याउँदै गर्छु ।" "म मन्दिरबाट आएर फेरि अर्को चिया बनाइदिन्छु त्यो चिया नखा है ।"

अमृत सुन्छ, "तँलाई घाममा सुताएर तेल नलगाइदिएको कत्ति भै सक्यो । मैले तेल तताएर ल्याइसकेँ, बाबु तँ वारी आइज झट्टै।"

भँगेराको एक जोडी देवीले स्यानो प्लेटमा राखिदिएको चामल खाइसकेर भुर्र उड्छन् । खाली प्लेट छतको डिलमा अहिले खस्ला भरे खस्ला गर्दै केही सेकेन्ड ढिकिच्याँउ खेल्छ र अन्त्यमा हाफटपको भुइँमा खस्छ । अमृतको एकोहोरोपन प्लेट खसेको तिखो आवाजसँगै तोडिन्छ। अमृत प्लेटलाई गमलामा ठड्याएर राख्छ र हेर्छ पर आकाशको नीलो समुद्रमा भँगेराको जोडी कालो दुइटा थोप्लो भएर घरी तल घरी माथि हुँदै बग्दै गइरहेका छन् ।



बिहानीको नौ बज्दै होला । अमृतको पेटमा ल्यापटप छ । ल्यापटपबाट मन्द आवाजमा गीत बजिरहेको छ । अमृत हिजो विपश्यना कोर्सका लागि आएको कन्फरमेसन मेल फेरि एक पटक चेक गर्छ । झ्यालको फ्रेममा बिहान बिन्दु आकारमा विलीन भएको देवीको आकृति अहिले भने बिन्दु आकारबाट यथार्थमा देवी हुँदै आइरहेको छ । अमृत आँखा चिम्लन्छ । थाहा हुन्छ अमृतलाई - देवी अबको केही बेरमा तल आँगनमा आइपुग्छिन् । यो पनि कि आज उसले देवीलाई भन्नु छ, दश दिनको लागि ऊ फेरि घर छोडेर जाँदै छ । देवीले बुझ्लिन् ? अमृतको त्यो लामो वैदेशिक बसाइँ पछि देवीलाई लागेको होला अब अमृत सदाका लागि फर्कियो । तर फेरि ऊ जाँदै छ । यस पटक अमृत बाध्यताले होइन ऊ आफूलाई खोज्न जाँदै छ । अजनबी भएको उसको घरलाई अपनाउन जाँदै छ । अमृत घर र देवीबाट दश दिन टाढिएर सदाको लागि घर फर्किन चाहन्छ ।

"बाबु ?" देवीको आवाज आँगनबाट झ्याल हुँदै अमृतको कानसम्म पुग्छ । अमृत केही बेर अझै आँखा चिम्लिएर बसिरहन्छ ।

"पानी माथि लग भनेको बिर्सिस् बाबु तैँले ?" अमृत ल्यापटप बन्द गर्छ र तल आँगनमा झर्छ । घाँटीसम्म पानी भरिएको गाग्री धारोमुनि अमृतलाई पर्खिरहेको छ । देवी धारोको टुटीमा जोडिएको पाइप अलि पर लगेर खुट्टा पखाल्दै छिन् । अमृत ढोकाबाट निस्कन्छ र गाग्री उचाल्न थाल्छ ।

"बाबु पख् एकछिन !"

अमृत उचाल्न लागेको गाग्री फेरि भुइँमा राख्छ । देवी अमृतको निधारमा टीका लगाउँदै भन्छिन्, "बाहिर हिँड्ने बेलामा निधार पुछिहाल्छस् । ल यो कानको फूल चाहिँ कानमै हुन दे नि ।" देवी मुस्कुराउँदै सुन्तलाको एक केस्रो अमृतको मुखमा हाल्दिन्छिन् । अमृत गाग्री उचाल्छ, मुखमा सुन्तलाको गुलियोसँगै देवीको ममताको स्वाद जिब्रोले पाए पछि एक खालको सन्तुष्टिको मसिनो झलक उसको ओठमा सलबलाउन आइपुग्छ । अमृत जस्ता छोराहरू शायद यस्तै ममतामयी पलहरूको अभावले एक्लिन पुग्छन् होला । अनजान देशमा बेग्लै भाषा बेग्लै परिवेश अनि बेग्लै समाजले अलमल्याई दिएको अमृत र अनि अरू हजारौं अमृतहरूको पुनर्जीवन देवीले अनि देवी जस्ता हजारौं आमाहरूले आशीर्वाद स्वरूप छरिदिने यस्तै स-साना पलहरूले नै सम्भव हुन्छ होला ।

> "चिया बनाउनु देवीलाई देवी बनाउने रङ्ग हो, देवीको अस्तित्वमा मिठास थपिदिने चियापत्ती हो । देवी उम्लिसकेको चिया एउटा कपमा हाल्छिन् र बाँकी थर्मसमा खन्याउँछिन् ।

देवी साँझको बत्ती बाल्दै छिन् । देवीले बजाइहेको घण्टीको ध्वनि पूजाकोठा हुँदै भान्सामा भात पाकिरहेको कुकरको सिट्ठीसँग दोहोरी खेल्दै छ । अमृत उठेर ग्याँस बन्द गर्छ र कचौरामा पखालेर राखेको आलु काट्न थाल्छ । "ग्याँस बन्द गरिस् । कुकर पुरानो भएर होला तीनचार सिट्ठी नलागी भात पाक्दैन ।" देवी ग्याँस बाल्छिन् र अमृतको विपरीत कुर्चीमा बस्छिन् ।

"खै ले यता म काट्छु आलु ।" अमृत देवीतिर कचौरा ठेल्छ । "चिसोमा किन माथि आको । जा तल हिटर तापेर बस् ।"

"चिया खाने मम्मी ?"

"म तातो पानी खान्छु तँलाई मात्र बना न ।"

अमृत पानी बसाल्छ । अमृतलाई वास्तवमा "मम्मी चिया खाने" भनेर होइन "मम्मी म दश दिनको लागि विपश्यना गर्न जाँदै छु" भन्नु थियो । अहिले उम्लिँदै गरेको पानीको बाफलाई यो सन्देश पठाइदिए भनिदेला ? देवीले कप मुखतिर लग्दै गर्दा उनको अनुहार भरी फैलिने तातो बाफले भनिदेला अमृतको सन्देश "मम्मी म दश दिन ध्यान गर्न जाँदै छु ।" सन्देश पाएर देवी भन्लिन्, "मलाई थाहा छ तँलाई यो घरमा मन लागेको छैन भन्ने ।" बाफमा मिश्रित अमृतको सन्देशले भन्ला, "मम्मी तपाईंको अमृत कतै हराएको छ । तपाईंलाई तपाईंको विदेश जानु अघिको अमृत चाहिएको छ हैन ? मलाई पनि म चाहिएको छ मम्मी । जो तपाईंसँग गफ गरेर कहिल्यै थाक्दैन थ्यो । जो तपाईंसँग हुँदा दुनियाँ बिर्सिन्थ्यो । जो तपाईंलाई नै पूरा संसार ठान्दथ्यो । म त्यो अमृत खोज्न जाँदै छु ।"

अमृत उम्लिरहेको पानीतिर एकोहोरिएको देखेर देवी भन्छिन्, "अमृत पानी उम्लिसक्यो, किन टोलाउँछ यो केटो ।" अमृत कपमा तातो पानी खन्याउँछ अनि देवीको अगाडि राखिदिन्छ र बाँकी पानीमा चिनी, चियापत्ती राख्न थाल्छ । देवी पानी पिउँदै आलु काट्न थाल्छिन् ।

"मम्मी ?"

"भन्न के ?"

"म ध्यान गर्न जाँदै छु । दश दिनका लागि ।"

देवी केही बेर आलु काटिरहन्छिन् । अमृत ग्याँस बन्द गर्छ कपमा चिया भर्छ र कुर्चीमा बस्छ । देवीको अनुहारमा एक खालको न्यास्रोपन छाउँछ मानौं तातो पानीको बाफले उनको अनुहारको रङ्गसँगै उडाएर लगेको होस् । अमृतको फेरि घरबाट टाढिने कुराले हो शायद वा देवीलाई लागेको होला कि अमृत अब सधैं केही न केही बहानामा घरबाट पर पर जानेछ । उनले नौ महिनामा कोखमा राखेको अमृत कलिलो छैन छिप्पिसकेको छ । अमृत अब देवीको काखमा अटाउँदैन न त देवीको ढाडमा देवी अमृतलाई बोक्न सक्छिन् । अमृत भविष्यको खोजीमा उड्न थालिसकेको छ । देवीलाई थाहा छ अमृतलाई उसको उडानको यात्रामा रोक्नु अमृतको भविष्यलाई अङ्कुश लगाउनु हो । अमृतलाई खुल्ला उड्न छोडिदिए एक दिन सारा संसार घुमेर देवीको गुँडमा पक्कै फर्किनेछ उनको अमृत ।

अमृत देवीको एकोहोरोपनलाई बिथोल्दै भन्छ, "मम्मी भोलि बिहान निस्किन्छु म ।" देवी अमृतलाई हेर्छिन् ।

भन्न मन हुँदो हो देवीलाई, "अमृत मलाई पनि यो घरमा एक्लै मन लाग्दैन । मलाई सँगै लान्छस् ?" देवी र अमृतको बीचमा निर्माण भएको भेदमा बिलाएको देवीको आवाज अमृतले सुन्न सक्थ्यो भने भन्दो हो, "मम्मी मैले तपाईंका लागि पनि सामान प्याक गरिसकेँ ।"

देवी भन्दी हुन्, "साँच्ची, मलाई तँसँग कत्ति घुम्ने रहर थियो ।"

अमृत भन्दो हो, "मम्मी अब तपाईं मेरो हात समाउनु म तपाईंलाई घुमाउँछु ।" कुकुरको सिट्ठीले अमृत र देवी दुवैलाई भान्सामा ल्याइदिन्छ । देवी उठेर ग्याँस बन्द गर्छिन् ।

"खाली पेट निस्किन्छस् बिहान ? रोटी बनाइदिम् चियासँग खाएर निस्किनू ।"

"पर्दैन म चिया मात्र खाएर निक्लिन्छु । चिसोमा उठ्नु पर्दैन तपाईं बिहान । जाने बेलामा 'गएँ भन्न' आउँछु ।"

खाटमा अमृतको ब्याग मुख आँ गरेर बसेको छ । बिस्तराभरी बिस्कुन सुकाए झैँ अमृतका सरसमानहरू फिँजारिएका छन् । अमृत ब्यागमा आवश्यक समानहरू प्याक गर्दै छ । देवी ढोकामा आउँछिन् । ब्याग प्याक गरिरहेको अमृतलाई केही बेर हेरिरहन्छिन् अनि भन्छिन् ।

"सुन त । मैले सुक्खा रोटी बनाइदेर राख्देको छु । बिहान चिया र रोटी खाएर निस्की है ।"

"पर्दैन भनेको हैन त ।"

"चिसोमा छिटो उठ्न सक्दिनँ नत्र तातो तातो बिहानै बनाइदिन मन थ्यो ।"

"म तताएर खाउँला ।"

"ल म सुत्न गएँ ।"

देवी हिँडे पश्चता देवीको पछ्यौरी ढोकाको सँघारबाट लत्रिँदै गायब हुन्छ । देवीले "सुत्न गएँ है" भनेको अमृतको जवाफको पर्खाइमा केही बेर ढोकामा अडिरहन्छ । अमृत देवी ढोकाबाट हिँडेपश्चात् केही बेर ब्याग मिलाइरहन्छ अनि देवीलाई बोलाउँछ, "मम्मी ?"

अमृत ढोकामा पर्खेर थाकेर फेरि देवीको अस्तित्वसँग मिल्न गएको "ल म सुत्न गएँ ।" लाई जवाफ फर्काउन खोज्छ । अँध्यारोको शून्यतामा अमृतको "मम्मी" पुकार कुनै गहिरो भेदमा ढुङ्गा खसे झैँ बिलाउँछ । अमृतलाई भन्नु थियो "मम्मी एकछिन गफ गरौँ न ।" यस्तै हरेक मौकाहरूमा अमृत छुटिरहेको हुन्छ ।

फेरि एउटा नयाँ बिहानी ! पुरानो बिहानीको याद बोकेर आएको बिहानी । घामको सट्टा कुहिरो बोकेर आएको बिहानी । कुहिरोभित्र कहीँ कतै सम्भावना बोकेको बिहानी । हिजो कलिला घामका किरणमा छ्याङ्ग देखिएको रोड यो समय कुहिरोभित्र लुकेको छ । देवी बिस्तरामै छिन् । अमृत तयार भैसकेको छ र देवीको कोठाको ढोकामा उभिएको छ ।

"मम्मी ?"

देवी निद्राले लठ्याएको आवाजमा जवाफ फर्काउँछिन् ।

"है !"

"म निस्किन लगेको ।"

"कति बज्यो र ? अँध्यारो छ त बाहिर ।"

"कुहिरो लगिराछ बाहिर । चिसो छ निकै ।"

"चिया बनाइस् ?"

"खाइसकेँ, रोटी पनि तताएर खाएँ । म निस्केको अब ।" "फोन गर्न नबिर्सी है ।"

"हस् ।"

अमृत घरबाट निस्कन्छ र कुहिरोले अँगालेको रोडमा पस्छ । त्यही रोड जहाँ केही समयपछि देवी हातमा थाली बोकेर मन्दिर जाँदै हुनेछिन् । अहिलेको अमृत हिँडेको भूत र केही समय पछि मन्दिर जाँदै गरेको देवीको भविष्य यो रोडको यादमा सँगै बात मार्दै हिँड्छन् त होला । त्यति बेला पनि कुहिरो त लागिरहेकै हुन्छ होला । कुहिरोभित्र रोड छामछाम छुमछुम गर्दै हिँड्ने क्रममा देवी अमृतलाई भन्दी हुन्, "अमृत मलाई पनि ध्यान गर्न सिकाउँछस् पछि आएर ?"

अमृत भन्दो हो, "तपाईंलाई त आउँछ त ध्यान गर्न । मन्दिर जानु भनेको पनि ध्यान गरेको नै त हो ।"

"उसो भए मसँग मन्दिर हिँड् न त । म सिकाउँला नि तँलाई ध्यान गर्न ।"

## विश्व

### युद्ध-विराम प्रयासका बावजुत इजरायलद्वारा लेबनानमा आक्रमण जारी

**लेबनान, २२ जेठ ।** संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा गरिएको युद्ध-विराम प्रयासलाई अस्वीकार गर्दै हेजबुल्लाह विरुद्धको आसन्न आक्रमणको चेतावनी पछि इजरायली वायु सेनाले शुक्रबार लेबनानको गाउँमा आक्रमण गरेको छ ।

गत फेब्रुअरी -२८ मा इरानका सर्वोच्च नेताको हत्याको बदला लिन हिज्बुल्लाहले मार्च -२ मा इजरायल माथि आक्रमण गरे पछि लेबनान मध्यपूर्वको चरम युद्धमा तानिएको थियो । यस हप्ता वासिङ्टनमा भएको लेबनानी र इजरायली दूतहरूको सयुक्त बैठकमा हेजबुल्लाहले स्पष्ट असहमती जनाउदै सशर्त युद्ध-विराममा सहमति भएको थियो । जसमा हेजबुल्लाह समूहले प्रभावकारी युद्ध-विराम र दक्षिण लेबनानबाट पूर्ण इजरायली फिर्तीको माग गरेको थियो ।

इजरायलले इरानसँगको युद्ध सुरु भए देखि लेबनानमा आफ्नो चर्को आक्रमण गरेको छ, जुन युद्ध आफ्नो सहयोगी अमेरिकासँग मिलेर सुरु गरेको थियो । शुक्रबार इजरायली सेनाका अरबी भाषाका प्रवक्ता अविचाय अद्राईले दक्षिण लेबनानको सराफान्डसहित ६ वटा अन्य सहर र गाउँका बासिन्दाहरूलाई तत्काल खाली गर्न चेतावनी दिएको शुक्रबार बाएका थिए ।

यस अघि उनले दक्षिणी लेबनानको लिटानी नदीको उत्तरमा रहेका तीनवटा गाउँका वासिन्दाहरुलाई आफ्नो घर छोड्न चेतावनी दिएको जनाएका थिए । आफ्नो सुरक्षाका लागि, तुरुन्तै आफ्नो घर खाली गरी सहरबाट कम्तिमा एक हजार मिटर टाढा खुला क्षेत्रमा जान आदेश दिएको प्रवक्ता अद्राईले उल्लेख गरेका छन् ।

हेजबुल्लाहका कार्यकर्ताहरू, उनीहरूको सुविधाहरू, वा उनीहरूको हतियारहरू भण्डारणको नजिक रहेमा उनीहरूलाई खतरा रहने पनि सुझाव दिइएको छ । लेबनानको राष्ट्रिय समाचार एजेन्सीले चेतावनी जारी गरिएका गाउँहरूबाट सामूहिक विस्थापन भएको रिपोर्ट गर्दै एउटा गाउँमा आक्रमण भईसकेको रिपोर्ट गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — नयाँ काममा जग बसाउने समय छ । कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ ।

**वृष** — तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ । समाजले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ ।

**मिथुन** — परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । चुनौतीपूर्ण जिम्मेवारी वहन गर्नुपर्ला । आकस्मिक समस्याले दौडधुप गराउन सक्छ ।

**कर्कट** — प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ ।

**सिंह** — स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ ।

**कन्या** — अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ ।

**तुला** — साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ । अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा लाभ हुनेछ ।

**वृश्चिक** — विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ ।

**धनु** — दिगो काम प्रारम्भ हुनेछ । व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ ।

**मकर** — मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । नयाँ अवसर र आम्दानीका स्रोत फेला पर्नेछन् । पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ ।

**कुम्भ** — खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला । आर्थिक प्रलोभन देखाउनेहरूबाट सजग रहनुहोला । समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन् ।

**मीन** — नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । समाजले पदीय दायित्व दिलाउन सक्छ ।

कविता

# सिरानी र जिन्दगी





पेशल खनाल

भुस, तोरी र माया खाँदेर
आमाले मिलाएको सिरानीमा
बाल्यकालदेखि नै बानी
परेको म
जब महँगा होटलमा पुग्छु
एउटै तनाव सिरानीकै हुन्छ ।

किनकि
त्यो कहिले अस्वाभाविक
अग्लो हुन्छ
कहिले टाउको नराख्दै थचक्कै
बस्छ
कहिले कपासभन्दा लचकदार
लाग्छ
त कहिले न्युटनको तेस्रो
नियमले ठेलेभैँ
कडा, विपरीत र घोचुवा हुन्छ !
कतै अनौठो 'बजारी' बासना,
त कतै चिसो ढुसी गनाउने
बिरानोपन ।
लाखौँको आलिसान कोठामा
सबै थोक त मिलेकै हुन्छ
नमिल्ने त्यही एउटा सिरानी
हुन्छ ।
हो, केही गरी नमिल्ने ।

सितिमिति हार नमान्ने म, सधैँ
मेलमिलाप खोज्ने म
हरप्रयासले मिलाउन खोज्छु
मायाले मुसार्छु
नभएपछि रिसले पछार्छु ।
तर, अहँ !
मेरो शिर र त्यसको शरीर
कदापि मिल्दैनन् ।
मध्यरातसम्म
म प्रसव पीडाको छटपटीमा
अबोध बालकको जन्म
पर्खिएकी
गर्भवतीभैँ
निद्रा जन्माउने एउटा सशक्त
युद्धमा हुन्छु ।

अफसोस ! अन्तिम युद्ध हार्दै
ज्यान जोगाउन कुलेलाम
ठोकेको घाइते सिपाहीभैँ
लुसुक्क युद्धमैदान छोडेर
बाथरुम पुग्छु ।

सहाराको याचनाले चारैतिर
आँखा डुलाउँछु
अनि फेला परेका दुई थान
तौलिया बोकेर फर्किन्छु फेरि
त्यही
मैदानमा ।
युद्ध जित्ने झिनो आशा बोकेर
'ब्रह्मास्त्र'को अन्तिम
प्रयासमा तिनै तौलिया पट्
याउँछु, थपथपाउँछु
र आफैँले लगाएको
मयलपोसले सुटुक्क
बेरिदिन्छु ।

आहा ! पसिना र आत्मीयताले
बेरिएर पो हो कि
आमाले बनाइदिएजस्तै त्यो '
आफ्नो' बन्छ ।
न अग्लो, न होचो, न सारो,
न गाह्रो !
आफ्नै सुगन्धको, मुलायम र
भरपर्दो ।
घाँटी र टाउकोको सानो
खाडलमा जब त्यो ठ्याक्कै
मिल्छ
अनि लोलाउँछन् आँखाहरू र
अबोध निद्राको जन्मसँगै
प्रसव पीडा र छटपटीको सुखद
अन्त्य हुन्छ ।
एउटा कठिन युद्ध समाप्तिको
मौन घोषणा हुन्छ ।

आज लाग्दैछ यो सिङ्गो
जिन्दगी त
त्यही 'सिरानी' मिलाउने खेल
पो रहेछ !
यता मिलाउँदा उता नमिल्ने,
उता मिलाउँदा यता नमिल्ने ।
सुख मिलाउँदा दुःख बल्झिने,
दुःख मिलाउँदा सुख
बल्झिने ।
धन मिलाउँदा मन नमिल्ने, मन
मिलाउँदा धन नमिल्ने।
आफ्ना मिलाउँदा पराइ तर्सिने,
पराइ मिल्दा आफ्ना तर्सिने ।

हो, मेलमिलापको यस्तै
चाकाचुली खेल्दै
जुन दिन सबै थोक मिलेजस्तो
हुन्छ नि
त्यही दिन जुर्नेछ एउटा
शुभसाइत
कहिल्यै नब्युँझिने गहिरो
चिरनिद्राको !

कथा :

# बिउँझदा



हेमनाथ अधिकारी



आज गोविन्द र गौरीको रात राम्ररी नसुतेरै बित्यो । वसन्त आउने आशामा रमाउँदै गरेका बोटहरू आफ्नै धुनमा निमग्न थिए । अकास न त उघ्रिएको न त धुम्मिएको, यस्तै अरगज्जमा थियो । बिहानको झिसमिसे हुनुभन्दा अगाडि नै दुवैजना उठे । घर धेरै दिनका लागि छाड्नु पर्ने भएकाले गौरीले हिजै राम्ररी सफा गरेकी थिइन् । गोविन्दले कोठेबारीका बोटबिरुवा गोडमेल काटछाँट गरेर चिरिच्याट्ट पारेका थिए । मानौँ तिनीहरूसँग खुशीसाथ बस है भनेर बिदा मागिसकेका थिए । मन यसै तुलबुल थिए । नौवर्षको हुँदा बाबुआमासँग बसाइँ आएपछि गोविन्दले त्यही ठाउँमा त्रिचालीस वसन्तको रमाइलो, वर्षाको कहर र हिउँदको सिरेटो बिताइसकेका थिए । यता गौरी पनि १५ वर्ष लाग्दै विवाह भएर भित्रिएपछि त्यही चुलोचौको, घरआँगन, वस्तुका थला, बाख्राको खोर, टाट्नामा नाचेर बलबर्गत, वय खर्च गरिसकेकी थिइन् । त्यही घरदलान, रछान र खेतबार ीसँग उनीहरूको जीउज्यान, मनमुटुको प्रिय आलिङ्गन नै आनन्दको सर्वोपहार थियो । उनीहरूसँग कहीँकतैका न ठूला-ठूला सपना थिए न देशविदेश विचरणका आकांक्षा । सारा सपना त्यहीँ नै विलीन भएर विपना भइसकेका थिए ।

अस्ट्रेलियाको तेस्रो ठूलो सहर ब्रिसबेनमा बसिरहेका छोरा गोपाल र बुहारी वन्दनाले बाबुआमा लाने योजना बनाएर निकै अघिदेखि कागजपत्र मिलाइरहेका थिए । तीनमहिना अघि नै टिकट काटेर ह्वाट्स एपमा फोटो पठाएका थिए । मेसेन्जरमा कुरा गर्दा बाबुआमा आउने खुशीका उपहार बाँडिरहन्थे । उनीहरूलाई लाग्थ्यो, विदेश जाने छोराछोरीको प्रमुख उद्देश्य नै बाबुआमा लाने हुँदोरहेछ ।

टिकटमा तोकिएको दिन आइपुगेकाले अब उनीहरूले घरसँग बिदा नमागी धरै थिएन । एकमात्र छोरी गङ्गा जवनपुर नगरीमा नानीहरू पढाउँदै बुढा भएका सासुसुराको हेरचाह गरेर बस्थिन् । ज्वाइँ तीन वर्षअघि मात्र अमेरिका गएकाले छोरी र नानीहरूलाई लाने चाँजोपाँजो मिलेको थिएन ।

दुईदिन अघि नै बाबुआमा बिदा गर्न पोकापतेउरा ठीक पार्न गङ्गा आइकी थिइन् । उनले लगेज, ह्यान्ड क्यारी सबै वजन मिलाएर ठिकठाक पारेकी थिइन् । त्यो बिहान गोविन्द र गौरीलाई सधैँजस्तो थिएन । परिवार मिलनको हर्ष र घरछाडेर जानुको विस्मातको ककटेलको अलि अलि मात लागिरहेको थियो । त्यसैले खास केही सम्झन वा यसै भन्न सकिरहेका थिएनन् ।

अस्ति भोट माग्न आउनेले विदेशबाट छोराबुहारी यतै आउने अवस्था बनाउछौँ, अब विदेश बसिरहनु पर्दैन भनेको मात्रै झल्झली सम्झिरहन्थे । ती शब्दले उनीहरू कताकता दङ्ग थिए ।

द्विविधापुरको बसबिसौनीबाट माइक्रो बस चढेर उनीहरू काठमाडौँ उत्रिए । त्यहाँ भान्जा नवीनले कोठामा लगेर राखे ।

भान्जाले पुर्याएपछि त्रिभुवन विमानस्थलमा सिङ्गापुर हुँदै अस्ट्रेलिया जाने राति एघार बजेको जहाजतर्फ लागे । उनीहरू सपनामै हिँडिरहेका थिए । न देश न परदेश घुमेका उनीहरू भनेझैँ छोराबुहारी र दुईआँखाका नानीजस्ता नातिनातिनासँग भेट्ने समयको पर्खाइमै रुमल्लिरहे ।

जहाज उड्यो । उनीहरूका सपना पनि कता उडे उडे शायद त्यो जहाजसँगै । आँखाका पलक जोडिने छाँटकाँटै ल्याएनन् । "गौरी अब हाम्रा छोराबुहारी, नाति, नातिनी नेपाल साँच्चै आउँछन् त ? तिमीलाई कस्तो लाग्छ ? अस्ति तेसो भन्ने मान्छेहरू भनेजस्तै ठूला ठूला भए । अब बुढेसकालमा हामी छोराबुहारीसँगै बस्न पाउछौँ त ?" गोविन्दले गौरीलाई सोधे । "म भन्दा ता तपाईं नै धेरै जान्नुहुन्छ । हाम्रो माथिको वनपाखो गाउँघर सबै रमाइलो हुन्छ । भरिभराउ हुन्छ भन्थे । तर खै के के हुने हो । म त केटाकेटी फिर्छन् जस्तो नि लाग्दैन । भित्री मनले ता त्यति पत्याएको छैन है मेरो । चुनाउका बेला के के भन्चन् भन्चन् । भन्याजस्तो गरे ता हुने नि ।" यत्तिकैमा एउटा मान्छेले जहाजभित्रको बाटामा एउटा ट्रलीमा के के ल्याएर नरम स्वरमा "ह्वाट डु यु निड ? हट ड्रिङ्क, सफ्ट ड्रिङ्क, वाटर, कफी, टि अरु के के" भन्दै आए, उनीहरू अलमल्ल । पछाडिको सिटमा बसेका छुट्टी सकेर फिर्दै गरेका सिङ्गापुरे लाहुरे मनजित लिम्बूले "अङ्कल आन्टी यिनले हामीलाई खानेकुरा ल्याएका हुन् रोजेर खान पाइन्छ । यहाँ चिया, कफी, स्याउको जुस, अनारको जुस, तातोपानी, चिसोपानी, बियर र अनेक प्रकारका रक्सीहरू छन् । तपाईंहरू के के खानु हुन्छ भन्नु त म त्यही मागिदिन्छु" भनेर सहयोग गरे । गोविन्द गौरीले तातो पानी र अनारको जुस मागेर खाए ।

ती भाइलाई "तपाईंको भलो होस् " भने ।

यस्तै अनेक विपना सँगाल्दा सँगाल्दै उनीहरू सिङ्गापुर विमानस्थलमा अवतरण गरे । ती लाहुरे भाइले भने, "खै अङ्कल आन्टी हजुरहरूका टिकट हेरूँ । कहाँ जानुपर्ने ? कुन गेटमा ? कति बजे ? म सहयोग गर्छु ।"

गोविन्दले टिकट झिकेर दिए । "लु आउनुहोस् हजुरहरू, निकै पर तल्लो तलाको डि १९ नं.को गेटमा तपाईंहरूको जहाज आउने रहेछ, सात घण्टा पर्खिनुपर्ने रहेछ ।" भनेर लाहुरे भाइ अघि लागे उनीहरू पछि लागे । एकछिनमा "लु आउनुहोस् यो बग्गीमा चढ्नुपर्छ" भनेर चढाए । केही पर लगेर तल्लो तलामा ओराले र फेरि अर्को बग्गीमा चढाएर ठूला अक्षरमा डि १९ लेखेको गेट अगाडि पुर्याए ।

"लु यहीँ बस्नुहोस् अङ्कल आन्टी । अब सात घण्टामा तपाईंहरूको प्लेन आउँछ र ब्रिसबेन अस्ट्रेलिया जाने यात्रु आउनुहोस् भन्छ । यहाँ अरु नेपालीहरू पनि हुन्छन् । तिनले सहयोग गर्छन् । कर्मचारी नै पनि आएर तपाईंहरूको टिकट हेरेर लैजान्छन् । यहीँ सुत्नु भए पनि हुन्छ । मजाका सोफा छन् । केही किनेर खान मन लागे उ...त्यहाँ दोकान छ । किनेर खानू । डलर छन् छैनन् ? छैनन् भने म दिन्छु । यहाँ नेट चल्छ । छोरा बुहारीसँग बोल्न पाउनु हुन्छ । खोइ म जोडिदिन्छु ।" भनेर दुवैका मोबाइलमा नेट जोडिदिए । "हामीसँग अमेरिकन डलर छन् बाबु तपाईंले पैसा दिनु पर्दैन केटाले साटेर बोक्नु भनेको थियो । यत्रो सहयोग गर्नुभयो । हामी के पो गर्न सक्छौँ बाबु तपाईंलाई ।" भनेर दुवैले आभारको स्वरमा भने । "केही पर्दैन । तपाईंहरू बाबुआमा जस्ता मान्छे । हामीले सहयोग गर्नुपर्छ । म सहयोग गर्न पाएर खुशी छु । मेरो जागिर खाने देश यही हो । अब म जान्छु । तपाईंहरू राम्ररी जानुहोस् है अङ्कल आन्टी ।"

दुवैले परसम्म हेरिरहे र मनमनै "धन्यवाद बाबु भगवानले तपाईंको रक्षा गरुन्" भने ।

उनीहरूलाई सात घण्टा बिताउन सात दिनभन्दा धेरै भयो । तिर्खा लाग्यो । पानी किनेर खान मन लाग्यो । यताउता छटपटाएको देखेर अलि पल्लो सोफामा बसेका मनिल यादवलाई लाग्यो "उहाँहरूलाई पक्का अङ्ग्रेजी आउँदैन ।" अनि नजिकै आएर सोधे, " दाइ केही समस्या पर्यो कि ? त्यस्तो हो भने म सघाउँछु ।" गोविन्दलाई ढुङ्गा खोज्दा देउतै मिल्यो ।

" भाइ पानी खान मन लाग्यो । कहाँ गएर कसरी किन्ने किन्ने म ता हा हा.....। "

"ए चिन्ता नमान्नु दाइ आउनू ।"

सँगै गए र मनिलले पसलेलाई "प्लिज गिभ मि टु बोटल्स् अफ वाटर" भने र दुईवटा साना पानीका बोतल किने । दाम भने तीन डलरको दर रहेछ । यसो हेरे गोविन्दले, दुई घुड्कीले दुईजनाको तिर्खा के मर्छ होला र जस्तो लाग्यो उसलाई । अर्को पनि किनिमागे । आएर दुई बुढाबुढीले एक एक बोतल पिए । अत्त ेरा लोटाबाट कल्कली पिउने बानी ! के धित मर्थ्यो र ! तर पैसा हिसाब गरेर पूरै तिर्खा मारे ।

समय बितेछ क्यारे माइकबाट के के भन्यो, अष्ट्रेलिया र ब्रिसबेन भनेकोचैँ बुझे । अघि नै गौरीसँग गफ गरिरहेको आनी डोल्माले, "दाई दिदी, आउनू अब हाम्रो ब्रिसबेन जाने जहाज आयो, हामीलाई बोलायो, यता लाइन लाग्नुपर्छ " भनिन् । सबैसँगै लाइन लागेर जहाजमा पसे ।

जहाज उड्यो । हिजो पनि जहाजमा निद्रा लागेन । पहिलो पटक चढेका । घर छाडेर हिँडेका, मन त्यसै भरङ्ग । उता छोराबुहारी, नातिनातिनासँगको भेटको सुखद सपना यिनैको चपेटा बितेको थियो ।

आज भने दुवैलाई निद्राले मज्जैले छोपेछ । मस्त निदाए । दुवैजना सपनामा सयर गरेरै लामो यात्रा पार गरे ।

गोविन्दको सपना बडो गज्जबको भएछ । उनी मस्त निदाए तर उनको अचेतन मन सक्रिय रह्यो । उनको मन पुगेको ठाउँ एउटा उज्यालो वन थियो । वनमा सिंहहरू ठूलो स्वरमा भन्दै थिए, अरु सबै शान्त र हर्षोल्लास साथ सुनिरहेका थिए । मानौँ उनीहरू यति वाक्कदिक्क भएका थिए कि कुनै नौलो र वचनले मात्र होइन कामले नै प्रिय सिंहको उदय होस् । यस्तो भएमा सबै साथ दिन तयार थिए । सिंहहरूको भाषण यस्तो थियोः "अब ब्वाँसा, हुँडार वा भेडाको छाला ओडेका बाघहरूको युग सक्कियो । उनीहरूको शासन अब जमिनमुनि भास्सियो । अब साँच्चै सिंहहरूले यो जङ्गलमा शासन गर्नेछन् । रङ दलेर राजा भएका स्यालहरू आफ्ना सक्कली रूपमै फर्किने छन् । सारा वनवासीहरूका जीवनमा उज्यालो छाउने छ । यतिञ्जेल सारा वनवासी चौपाया, दोपाया, उड्ने, हिँड्ने, घस्रिने, निशाचर, उषाचर, शाकाहारी, मांसाहारी सबका सब लुटियौ । अब भने लुट्नेबाट समयले छुट्टियौ । नयाँ युग आयो । सम्झनुहोस् यो रामराज्य हुनेछ । त्यसलाई सबैले सुनेको मात्र तर यसलाई भोगिने छ । सिंह नै वनको सच्चा राजा हो, त्यसैले अब सिंहराज आयो आयो आयो परररररररररर परररररररर जङ्गलै गुन्जायमान । अब कसैले डराउनु पर्दैन । सबैले आ-आफ्ना सुतीखेती गरिखानू । कोही नआत्तिनू कोही नमात्तिनू, नपात्तिनू ।" कति राम्रा लरक्क लरक्क परेका सिंहहरूको बथान, सबैको खुशीको सीमा रहेन ।

यता गौरी पनि सपनामै मस्त । उनको सपना झन् तन्द्राबाटै शुरु भएछ । हिजोअस्ति घरमा आउँदा जे जे भन्थे तिनै कुरा पो उनका सपनामा आएछन्ः "अब तपाईंहरूका छोराछोरी विदेश जानुपर्दैन । देशमै काम पाउँछन् । देशमै काम र दाम भएपछि बाबुआमा, इष्टमित्र, साथीसंगती, जन्मभूमि सबै सबै छोडेर को पो विदेश जान्छन् र ! अब सबैजना ढुक्क हुनुहोस् । हामीलाई पत्याउनु भयो भने तपाईंहरूका सपना सबै विपना हुन्छन् भनेका थिए । अब हाम्रा छोरा बुहारी नातिनातिना लिएर बाआमा हामी आयौँ त तपाईंहरूसँगै बस्न । अब हामीले यहीँ काम पाउने भयौँ । हामी सबै परिवार सँगै बसेर रमाउँला ।"

यस्तैमा उनी सपनैमा हा हा हा हा गरेर हाँसिछन् । उता जहाजमा पनि के के भनेर कर्मचारीले हल्ला गरे । नजिकै बसेकी अघि "जाऊँ" भन्ने बहिनीले "अब हाम्रो ठाउँ आइपुग्यो । जहाज बस्छ अनि उत्रिनु पर्छ " भनिन् ।

अझै उनीहरू सपनाका तन्द्रामै खेलिरहेका थिए । जहाज रोकिएर सबै उठेका देखे । उनीहरूले पनि तन्द्रमै आँखा मिच्तै त्यसै गरे । तल सिसाले घेरिएको पटाङ्गिनीमा आइपुगे ।

# कर्णालीमा सुविधासम्पन्न क्रिकेट मैदान बनाउँछौँः मुख्यमन्त्री कँडेल

युग संवाददाता
सुर्खेत, २२ जेठ ।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेशको राजधानी वीरेन्द्रनगरमा सुविधासम्पन्न र स्थायी प्रकृतिको क्रिकेट मैदान बनाउने बताउनुभएको छ । अन्डर-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताको यहाँ उद्घाटन गर्दै उनले क्रिकेट खेलप्रति आकर्षण बढ्नु सबैका लागि सुखद् भएको बताए ।

"हाल खेल भइरहेका मैदानहरू अस्थायी हुन्, क्यान र प्रदेश सरकारको सहकार्यमा सुविधाजनक क्रिकेट मैदान बनाउने छौँ", मुख्यमन्त्री कँडेलले भने, "कर्णालीलाई खेल क्षेत्रको हब बनाउनका लागि सीमित स्रोत र साधनबीच पनि प्रदेश सरकारले खेल पूर्वाधारहरू निर्माण गरिरहेको छ ।" उनले १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाका लागि कर्णाली प्रदेश सरकार तत्पर रहे पनि सङ्घीय सरकारका कारण ढिलो भइरहेको आरोप लगाए । "हामी १० औँ राष्ट्रिय खेलकुद प्रतियोगीताका लागि पूर्ण तयारीमा छौँ", उनले भने, "केन्द्र सरकारका कारण समयमै १० औँ खेल प्रतियोगिता आयोजना हुन सकेको छैन ।"

सङ्घीय सरकारले कर्णालीलाई बजेटमा जहिल्यै उपेक्षा गर्दै आएको उनको गुनासो थियो । "अक्षरमा कर्णाली प्रदेश भनेर धेरै आउँछ, अङ्क आइपुग्दा टिठलाग्दो हुन्छ", उनले भने । नेपाल क्रिकेट सङ्घका केन्द्रीय उपाध्यक्ष रोशन सिंहले कर्णालीबाट महिला क्रिकेटको विकास गर्नका लागि कर्णालीमा छनोट प्रतियोगीता आयोजना गरिएको बताए । कर्णालीमा आयोजना भइरहेको राष्ट्रिय महिला अन्डर-१९ प्रतियोगीताबाट राष्ट्रिय टीनको छनोट गरिने र सोही टीमले सन् २०२७ मा आयोजना हुने विश्वकपमा सहभागीता जनाउने छ ।

**विजेतालाई पाँच लाख पुरस्कार**

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने टोली तथा खेलाडीहरूका लागि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको विजेता टोलीले नगद रु पाँच लाख र उपविजेता टोलीले रु तीन लाख प्राप्त गर्नेछन् ।

व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी (प्लेयर अफ द सिरिज) लाई रु ४० हजार, उत्कृष्ट ब्याटरलाई रु २५ हजार, उत्कृष्ट बलरलाई रु २५ हजार र प्रत्येक खेलको 'प्लेयर अफ द म्याच'लाई जनही रु तीन हजार प्रदान गरिने छ ।

## कर्णालीमा...

प्रयोगशालाबाट सीडी-४ परीक्षण सेवा सुरु गर्ने तथा समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने योजना अघि सारेको जनाएको छ । त्यस्तै, सन् २०२६ मा कुल अनुमानित एचआईभी सङ्क्रमितमध्ये ९५ प्रतिशतको पहिचान गर्ने उद्देश्यका साथ काम गरिरहेको निर्देशनालयको दावी छ ।

त्यस्तै, सङ्क्रमण पुष्टि भएका मध्ये ९५ प्रतिशत व्यक्तिको उपचार गर्ने, उपचारमा रहेका एचआईभी. सङ्क्रमित मध्ये ९५ प्रतिशतमा रहेको भाइरसको मात्रा न्यून स्तरमा झार्ने लक्ष्य छ । निर्देशनालयका अनुसार नयाँ एचआईभी. सङ्क्रमण दरलाई ९० प्रतिशतले कम गर्नेदेखि आमाबाट बच्चामा हुने सङ्क्रमण निवारण गर्ने लक्ष्य यस वर्ष राखिएको छ । त्यस्तै, सिफिलिसको केस दरप्रति लाख जीवित जन्ममा ५० वा सो भन्दा कम गर्ने लक्ष्यका साथ काम भइरहेको निर्देशनालयले जनाएको छ ।

एचआईभी संक्रमणलाई सन् २०३० सम्म शून्यमा झार्ने लक्ष्यका साथ काम भइरहेको भएपनि सीमित स्रोत-साधनका कारण अपेक्षाअनुसार काम गर्न नसकिएको सामाजिक विकास मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा महाशाखा प्रमुख वृषबहादुर शाहीले स्वीकार गरे ।

शुक्रबार स्वास्थ्य सेवा निर्देशनालयले आयोजना गरको राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम अन्तर्गत पत्रकारहरुसँगको अन्तर्क्रिया कार्यक्रममा शाहीले भने, 'नेपाल सरकारको आफ्नै बजेटबाट मात्रै यो क्षेत्रमा प्रभावकारी ढंगले काम गर्न पर्याप्त स्रोत छैन । एचआईभी संक्रमण बहुसरोकारको विषय भएकाले यसको न्यूनिकरणमा सबैले हातेमालो गर्न आवश्यक देखिन्छ ।'

एचआईभी संक्रमितको क्षेत्रमा काम गर्दै आएको नवकिरण प्लसका कार्यक्रम संयोजक देवेन्द्र पाठकले संक्रमितले राज्यबाट गुणस्तरीय स्वास्थ्य सेवा पाउनुपर्ने र समाजमा विभेदरहित जीवन बाँच्न पाउनुपर्ने बताए । उनले भने, 'संक्रमितलाई समुदायमै आयआर्जनमुखी कार्यक्रमसँग जोड्न सके उनीहरूको जीवनस्तर सुधारमा टेवा पुग्छ ।' उनले समाजले लगाउने विभिन्न लाञ्छनाले संक्रमितहरु अझै पनि खुलेर आउन नसकेको बताए ।

## यु-१९...

दिलाउने क्रममा ओपनर धामीले ३५ बलमा ४१ र सुनारले ३० बलमा ३५ रन जोड्दा जयन्ति भण्डारीको २० सुदूरको जीतका लागि महत्वपूर्ण आधार बन्यो । एक सय ५१ रनको लक्ष्य पछ्याएको कोशीका लागि ठूलै चुनौति बनेको सुदूरपश्चिमका बलरसामु निरीह बनेका कोशीका कुनैपनि ब्याटरले दोहारो अंक छुन सकेनन् । सुदूरका लागि अञ्जु पार्कीले चार विकेट लिंदा आशिका कुमारी महरा र मनिषा चौधरीले दुई विकेट लिए ।

प्रतियोगिताअन्तर्गतको तेश्रो खेलमा गण्डकीले बाग्मतिमाथि सात रनको फराकिलो जीत आत्मसात गर्यो । टस जितेर पहिला ब्याटिंग रोजेको बाग्मतिका लागि अएली यादवले नट आउट ३२ रनको योगदान दिंदा ओपनर सेविकाकुमारी यादवले १८, पूजा साँवद र सम्भाव्या ढकालले समान १२, १२ रन जोडे ।

गण्डकीतर्फबाट कुसुम गोदार, नीरु जीटी, रञ्जना साउँदले समान दुई दुई विकेट लिए । ९६ रन पछ्याउन क्रिज उत्रिएको गण्डकीका लागि चन्द्रमाया बरालले ४१ बलमा ३८ तथा श्रेया शाहले जोडेको २२ रनको योगफलनै जीतका लागि पर्याप्त भयो ।

# तापक्रम वृद्धिले आर्थिक र स्वास्थ्य चुनौती बढायो

**युग संवाददाता**
**बाँके, २२ जेठ ।**

अत्यधिक गर्मी र बढ्दो तापक्रमले बाँकेमा आर्थिक तथा स्वास्थ्य चुनौती बढाएको छ । तापक्रम निरन्तर उकालो लागेसँगै दैनिक ज्यालादारी गर्ने मजदुर, किसान, विद्यार्थी तथा सर्वसाधारणको जनजीवन प्रभावित भएको छ भने आम्दानी घट्नुका साथै गर्मीजन्य स्वास्थ्य समस्या बढ्न थालेका छन् ।

बैजनाथ गाउँपालिका-५ निवासी ४७ वर्षीया कमला नेपालीले भने, "दैनिक हजारदेखि एक हजार २०० रूपैयाँसम्म कमाउँथें, तर अहिले रु ५०० कमाउन पनि गाह्रो छ ।" वैदेशिक रोजगारबाट फर्किएपछि विगत साढे चार वर्षदेखि रिक्सा चलाउँदै आउनुभएकी कमलाले आफू र सन्तानको खर्च रिक्साको आम्दानीबाट धान्दै आउनुभएको छ । उनका अनुसार गर्मी मौसममा बिहान र साँझबाहेक यात्रु कम पाइने भएकाले आम्दानीमा उल्लेख्य कमी आएको छ ।

"गर्मीमा साँझ र बिहान मात्र यात्रु भेटिन्छन् । दिउँसो कोही पनि निस्कँदैनन्, त्यसैले कमाइ घटेको छ", कमलाले भने । घरायसी जिम्मेवारीका कारण बिहान र साँझ रिक्सा चलाउन नपाउने भएकाले दिउँसो मात्रै काम गर्नुपर्ने र त्यही समयमा यात्रु नपाइने समस्या रहेको उनको भनाइ छ ।

# 'लिटिल डक्टर्स' कार्यक्रम सञ्चालन गर्दै कर्णाली सरकार

**युग संवाददाता**
**सुर्खेत, २२ जेठ ।**

कर्णाली प्रदेश सरकारले विद्यालय तहका विद्यार्थीलाई स्वास्थ्य सचेतनाको अग्रदूतका रूपमा विकास गर्ने उद्देश्यसहित 'लिटिल डाक्टर्स' कार्यक्रम सञ्चालन गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा उक्त कार्यक्र समावेश गरिएको हो ।

'लिटिल डक्टर्स' कार्यक्रममार्फत विद्यार्थीलाई विद्यालय र समुदायस्तरमा स्वास्थ्य प्रवर्द्धनको अभियानमा परिचालन गरिनेछ । प्रदेशसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मुख्यमन्त्री यामलाल कँडेलले समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने विद्यालयस्तरका विद्यार्थीलाई 'हेल्थ एम्बेस्डर' का रुपमा विकास गर्ने लक्ष्यसहित लिटिल डाक्टर्स कार्यक्रम सञ्चालन गरिने घोषणा गरेका हुन् ।



कार्यक्रममा व्यक्तिगत सरसफाइ तथा स्वच्छता, पोषण, जीवनशैली तथा नसर्ने रोग, सरुवा रोग तथा एन्टिमाइक्रोबियल प्रतिरोध, प्राथमिक उपचार तथा सुरक्षा, मानसिक स्वास्थ्य र नेतृत्व विकासलगायत विषयमा प्रशिक्षण दिइनेछ । कार्यक्रममा सहपाठी-सहपाठी सिकाइ (पियर-टु-पियर लर्निङ), व्यवहारिक अभ्यास, भूमिकानिर्वाह (रोल-प्ले), अभिलेखीकरण तथा अनुगमनलाई मुख्य सिकाइ विधिका रूपमा प्रयोग गरिनेछ ।

पाठ्यक्रममा आधारित तीन महिनाको प्रशिक्षणपछि विद्यार्थीहरूले बाँकी नौ महिनासम्म समूहगत रूपमा स्वास्थ्य प्रवर्द्धनसम्बन्धी गतिविधि सञ्चालन गर्नेछन् । प्रत्येक स्वास्थ्य क्लबमा १५ देखि २० जना विद्यार्थी सहभागी हुनेछन् । बालबालिकामा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न तथा सहपाठी सिकाइलाई प्रभावकारी बनाउन यो कार्यक्रम उपयुक्त हुने अपेक्षा गरिएको छ ।

विद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्वास्थ्यसम्बन्धी ज्ञान, सीप र नेतृत्व क्षमता प्रदान गर्दै 'हेल्थ एम्बेस्डर'का रुपमा विकास गर्ने उद्देश्यले कार्यक्रमको नाम 'लिटिल डाक्टर्स' राखिएको हो । यस कार्यक्रमले विद्यार्थी, परिवार तथा समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । कार्यक्रममा सहभागी विद्यार्थीलाई चरणबद्ध रुपमा प्रशिक्षण दिइनेछ । उनीहरूले सिकेका ज्ञान र सीपलाई विद्यालयभित्र समूहगत गतिविधि, जनचेतनामूलक अभियान, व्यवहारिक अभ्यास तथा सहपाठी शिक्षण (पियर लर्निङ) मार्फत अन्य विद्यार्थीसम्म पुऱ्याउनेछन् । यसले विद्यालय तहमा स्वास्थ्यसम्बन्धी सकारात्मक संस्कार विकास गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

कर्णाली प्रदेश सरकारले स्वास्थ्य प्रवर्द्धनलाई उपचार केन्द्रित सेवाभन्दा माथि उठाएर समुदाय र विद्यालयसम्म विस्तार गर्ने रणनीतिअन्तर्गत यो कार्यक्रम अघि सारेको हो । प्रदेश सरकारका अनुसार विद्यालयलाई स्वास्थ्य शिक्षा र व्यवहार परिवर्तनको केन्द्रका रूपमा विकास गर्दै दीर्घकालीन रूपमा स्वस्थ, सचेत र जिम्मेवार नागरिक उत्पादन गर्नु कार्यक्रमको मुख्य उद्देश्य हो । विशेषगरी दुर्गम बस्तीमा स्वास्थ्य जनशक्तिको पहुँच सीमित रहेको अवस्थामा विद्यार्थीमार्फत समुदायसम्म स्वास्थ्य शिक्षा पुऱ्याउने यो कार्यक्रम सफल भए कर्णालीमा बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

# दुग्धजन्य पदार्थ बिक्रीबाट छ करोड सङ्कलन

**युग संवाददाता**
**कैलाली, २२ जेठ ।**

धनगढी उपमहानगरपालिका-१५ कनरीस्थित दुग्ध विकास संस्थानअन्तर्गतको धनगढी दुग्ध वितरण आयोजनाले चालु आर्थिक वर्षको प्रथम १० महिनामा रु छ करोड राजस्व सङ्कलन गरेको छ ।

सुदूरपश्चिम प्रदेशका डडेल्धुरा, कैलाली र कञ्चनपुरका विभिन्न सहकारी तथा फर्मबाट दूध सङ्कलन गर्दै आएको आयोजनाले सङ्कलित दूधलाई प्रशोधन गरी पनिर, आइसक्रिमलगायत उत्पादन स्थानीय बजारमा बेचेर उक्त रकम आर्जन गरेको आयोजनाका प्रमुख निराजन भट्टराईले राससलाई जानकारी दिए ।

आयोजनाबाट उत्पादित दुग्धजन्य पदार्थ धनगढी, अत्तरिया, डडेल्धुरा, दिपायल र टीकापुर बजारमा बिक्री हुँदै आएको छ । हाल दैनिक तीन हजार ५०० लिटर दूध सङ्कलन गर्दै आएको आयोजनाले कञ्चनपुरको बेलौरी, कैलालीको लम्कीको गुलरा तथा टीकापुरको वसन्तामा आफ्नै सङ्कलन केन्द्र सञ्चालन गरेको छ ।

## वीरेन्द्रनगर नगरपालिका
## १० नं. वडा कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

(प्रकाशित मिति : २०८३/०२/२३ गते

सुर्खेत वी.न.नपा. वडा नं. १० बस्ने श्री प्रेम बहादुर वलीले यस वी.न.न.पा. वडा नं. १० साविक लाटीकोइली २ क कि.नं. १८९४, क्षेत्रफल १७५ वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी** : बाल कृष्ण खत्री
**पश्चिम जग्गाधनी** : बाटो
**उत्तर जग्गाधनी** : भुमिका न्यौपाने
**दक्षिण जग्गाधनी** : भरत कुमार दास

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री विकास लम्साल धनि रहेको, दर्ता नम्बर २५४५।०७२।०७३ बाट वीरेन्द्रनगर न.पा. वडा नं. ५, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री लम्साल पोल्ट्रि फर्म नामको प्राईभेट उद्योग मेरो आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सुचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सुचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रूपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम(२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री विकास लम्साल धनि रहेको, दर्ता नम्बर ८९५५।०७८।०७९ बाट वीरेन्द्रनगर न.पा. वडा नं. ६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री मालिका आर्युवेद पोलिक्लिनिक नामको प्राईभेट उद्योग मेरो आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सुचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सुचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रूपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम(२) बमोजिम जानकारी गराइन्छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA



Servicing | Repair | Denting | Panting | Washing

युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।